"एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुचको सुनिश्चितता सिकाइको स्थायीत्व"

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

# विद्यार्थी भर्ना विशेष अभियान २०७५
## दोस्रो चरणको कार्ययोजना
## २०७५/०२/०८ गते देखि भदौ ३१ सम्म

उद्देश्य : नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अधिकार कार्यान्वयनका लागि विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूह (५-१२) का सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना भएको सुनिश्चितता गर्ने ।

| सि.नं. | मुख्य क्रियाकलाप | कहिले गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार निकाय) | सहयोगी निकाय | अनुगमन सूचक | कार्यसम्पन्नताको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पूर्ण स्थानीय तहहरूले २०७५ भदौ ३१ सम्म आफ्नो पालिकाभित्र विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिका **"विद्यालय बाहिर नरहेको"** घोषणा गर्नका निम्ति नेपाल सरकारले निर्देशन दिने । | जेठ २० गते | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मन्त्रीपरिषदमा प्रस्ताव पेश गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | शिक्षा विभाग, सरकारी गैरसरकारी संघसस्था | निर्देशन पत्र | |
| २ | सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरुले सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रीज्यूको आतिथ्यमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखहरुको बैठक राखी सबै बालबालिकाहरुलाई भर्ना गराउने र विद्यालय बाहिर नरहेको सुनिस्चितताका लागि आवश्यक निर्णय गर्ने । | असार ५ गते सम्म | सामाजिक विकास मन्त्रीज्यूको कार्यकक्षमा क्षेत्रीय शिक्षा निर्देशकले सबै शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको बैठक राखी निर्देशन । | क्षेत्रीय शिक्षा निर्देशनालय | सामाजिक विकास मन्त्रालय, शिक्षा विभाग, शिक्षा विकास तथा समन्वय इकाइ, | बैठकको उपस्थिति, सम्पादित कार्य | |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइहरूले जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहहरूबाट घोषणा गर्नु पुर्व गर्नुपर्ने तयारीका सम्बन्धमा सम्पूर्ण सरोकारवालाहरूको (राजनीतिक दल, जनप्रतिनिधि, सरकारी/गैरसरकारी संघसस्था, कलाकार, पत्रकार लगायत) उपस्थितिमा जिल्ला समन्वय समितिका संयोजकको अध्यक्षतामा बैठक राखी तोकीएको मापदण्डका आधारमा सम्पूर्ण स्थानीय तहहरूलाई घोषणाका निम्ति अनुरोध गरी आवश्यक समन्वय र सहजीकरण गर्ने । | असार २० गते सम्म | जिल्ला समन्वय समितिका सभापतीको कार्यकक्षमा सम्बन्धित इकाइ प्रमुखले बैठक राखी सम्पूर्ण सरोकारवालाहरुसंग समन्वय, सहकार्य र सहजीकरण | शिक्षा विकास तथा समन्वय इकाइ | शिक्षा विभाग, जिल्ला समन्वय समिति, सरकारी गैरसरकारी संघसस्था, पत्रकार, कलाकार, सामाजिक अभियन्ता | मापदण्डको तयारी, बैठकका निर्णयहरु, कार्यदल, विभिन्न समितिहरुको निर्माण | |
| ४ | सबै स्थानीय तहहरुले आफ्नो पालिका भित्र विद्यालय जाने उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर नरहेको एकिन गर्नका निम्ति वडा कार्यालय, विद्यालय, शिक्षक, विद्यार्थी (परियोजना कार्यका रुपमा), सामाजिक संघसंस्थालगायतको सहयोगमा प्रत्येक घर घरमा पुगी हालसम्म पनि विद्यालयमा भर्ना नभएका बालबालिकाहरुको वैयक्तिक विवरण सकलन गर्ने । घरधुरी सर्वेक्षण फारामको नमूना शिक्षा विभागले उपलब्ध गराउनेछ । | साउन ३१ गते सम्म | घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको वैयक्तिक विवरण संकलन गर्ने । | स्थानीय तह, वडा कार्यालय, विद्यालय, सामाजिक संघसंस्था | शिक्षा विभाग, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | घरधुरी सर्वेक्षण विवरण | |
| ५ | सबै स्थानीय तहहरुले घरधुरी सर्वेक्षण फारामबाट विद्यालय बाहिर रहेको एकिन भएका बालबालिकाहरुलाई नजीकको पायक पर्ने विद्यालयमा पाठ्यपुस्तक सहित भर्ना गर्ने गराउने । | साउन ३१ गतेसम्म | विद्यार्थी भर्ना गरी निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने । | विद्यालय, स्थानीय तह, | सामाजिक संघसस्था | विद्यार्थी भर्नाको विवरण | |
| ६ | अपाङ्गता भएका बालबालिकाहरूलाई अपाङ्गताको प्रकृति हेरी स्रोतकक्षा सञ्चालन भएका नजीकका विद्यालयमा भर्ना गर्ने गराउने | साउन ३१ गते सम्म | अपाङ्गता भएका बालबालिकाहरुको भर्ना | स्थानीय तह, शिक्षा विभाग | सामाजिक संघसस्था | विद्यार्थी भर्नाको विवरण | |